(बैठक नं. १३)

आज मिति २०८२ चैत्र २२ गते आइतबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा आ.व. २०८२/०८३ को तेह्रौं कार्यपालिका बैठक बस्यो।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २. | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३. | श्री तिल प्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४. | श्री कृष्ण बहादुर के.सी. | सदस्य | |
| ५. | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६. | श्री होमनाथ पौडेल | सदस्य | |
| ७. | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८. | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९. | श्री मिन बहादुर सोती मगर | सदस्य | |
| १०. | श्री भुमिसरा आले | सदस्य | |
| ११. | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२. | श्री बलिराम सापकोटा | सदस्य | |
| १३. | श्री रेसी कुमार घर्ती | सदस्य | |
| १४. | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५. | श्री एकदेव पौडेल | सदस्य | |
| १६. | श्री गोपाल थापा | सदस्य | |
| १७. | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८. | श्री केशब राज गौतम | सदस्य | |
| १९. | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २०. | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१. | श्री मधु माया गुरुङ | सदस्य | |
| २२. | श्री फूल माया वि.क. | सदस्य | |
| २३. | श्री पार्वती कंडेल | सदस्य | |
| २४. | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५. | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६. | श्री जय बहादुर वि.क. | सदस्य | |
| २७. | श्री गिता देवी बोटे | सदस्य | |
| २८. | श्री अशोक कोइराला | सचिव | |
| २९. | श्री शिवलाल श्रेष्ठ | शा.अ. प्रमुख | |
| ३० | श्री टिकाराम अर्याल | इन्जिनियर | |
| ३१. | श्री भिम सापकोटा | अधिकृत सातौं | |

## देवचुली नगरपालिकाको १३ औ कार्यपालिका बैठक प्रस्तावहरुः २०८२।१२।२२

१. प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत आयोजना छनौट सम्बन्धमा,

२. तराई मधेश समृद्दि कार्यक्रम तर्फको योजना छनौट सम्बन्धमा,

३. सार्वजनिक सुनुवाई सम्बन्धमा,

४. नगरगान र नगरको लोगो निर्माणको लागी सार्वजनिक सूचना प्रकाशन सम्बन्धमा,

५. नगरस्थापना दिवस मनाउने सम्बन्धमा,

६. LGPASS ( स्थानीय शासन कार्यसम्पादन मूल्यांकंन प्रणाली) सम्बन्धमा।

७. विविध

२०८२।१२।२२

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## देवचुली नगरपालिकाको १३ औ कार्यपालिका बैठक निर्णयहरु २०८२।१२।२२

१. आर्थिक वर्ष २०८३।८४ को लागी गण्डकी प्रदेश सरकारमा प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत देहाय बमोजिमका आयोजना/कार्यक्रम छनौट गरियो।

तपसिलः

**समपुरक अनुदन तर्फः**

क. चौतारा बाराकोल सडक निर्माण वडा नं १६ र १७

ख. श्याम कृष्ण मार्ग सडक निर्माण वडा नं १४

ग. मिलनचोक देखि भगवती मन्दिर जाने बाटो सडक स्तरउन्नती वडा नं १०

**विशेष अनुदान तर्फः**

क.सूर्य किरण आधारभूत विद्यालयमा सेवाको विकास र विस्तार कार्य वडा नं ११

ख. नेपाल शारदा आधारभूत विद्यालयमा सेवाको विकास र विस्तार कार्य वडा नं ६

ग. देवचुली वडा नं १३ मा बाटिका निर्माण

२. तराई मधेश समृद्दि कार्यक्रम तर्फ आर्थिक वर्ष २०८३।८४ को लागी कार्यविधिमा उल्लेखित ३० प्रतिशत लागत साझेदारी नगरपालिकाको म्याचिङ कोषबाट गर्ने गरी आवश्यकता र प्राथमिकताको आधारमा तपसिल बमोजिमका आयोजना(कार्यक्रम छनोट गर्ने) प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क. देवचुली नगरपालिका अन्तर्गतका वोटे, माझी, दलित, मुसहर लगायत पिछाडिएका समुदायमा खानेपानी विस्तार, शौचालय निर्माण, फोहोरमैला व्यवस्थापन र साना सडक स्तोरउन्नती

ख. पशुपति साङ्गावेद सांस्कृतिक आवसीय मा.वि(सामुदायिक विद्यालय) अपुरो भवन निर्माण सम्पन्न-वडा नं १५,

ग.वडा नं ९ अन्तर्गत सत्यवचन हल-बड्काचोक-भौसि फर्म-रावलचोक-उत्तर हल्दारचोक-भुसालचोक-सुनारीचोक-चर्च हुदै उत्तर आलोचोकसम्म सडक कालोपत्रे

३. आर्थिक वर्ष २०८२।८३ को हाल सम्म नगरबाट सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई २०८३ बैशाख दोस्रो हप्ता भित्र गर्ने निर्णय गरियो।

४. चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देवचुली नगरपालिकाको लोगो निर्माणको लागी रकम रु २०,०००। र नगरगान रचना(शव्द, संगित र स्वर सहित) लागी रकम रु ५०००० पुरस्कार रासी राखी प्रस्ताव आवह्वान गर्ने निर्णय गरियो। साथै प्रस्तावहरु मुल्याकंन गरी कार्यपालिकमा सिफारिस गर्नको लागी तपसिल अनुसारको मूल्याकंन समिति गठन गर्ने निर्णय गरियो।

संयोजक- कृष्ण प्रसाद सापकोटा, संस्थागत सुशसान समिति संयोजक एवम् वडा अध्यक्ष-वडा नं ५

सदस्य- रेष्मी कुमार धर्ती, संस्थागत सुशासन समिति सदस्य एवम् वडा अध्यक्ष-वडा नं १०

सदस्यः नन्दलाल ढकाल, शिक्षा अधिकृत

सदस्यः शिव सापकोटा, प्रशासकिय अधिकृत

सदस्यः संगिता पौडेल सापकोटा, सहायक प्रशासकिय अधिकृत

२०८२।१२।२२
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

५. २०८३ बैशाख २५ गतेको दिनलाई नगर स्थापनको दिवसको रुपमा मनाउने निर्णय गरियो।

६. LGPASS( स्थानीय शासन कार्यसम्पादन मूल्याकंन प्रणाली) ०८१।८२ को प्रारम्भिक मूल्याकंन (७३.७)गरी पृष्ठपोषणको लागी जिल्ला समन्वय समिति, नवलपरासी, (ब.सु.पू) मा पठाईएको जानकारी गराईयो।

७. विविध

क. जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) को च.नं २१६२ मिति २०८२।११।१२ को पत्र अनुसार नेपाली नागरिकता वितरण तथा अभिलेखलाई व्यववस्थित गराई सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउने प्रयोजनको लागी ५०००। प्रति अभिलेख फारम छपाई गरी उपलब्ध गराउनको लागी माग भई आएकोले नगरपालिकाले माग भए बमोजिमका अभिलेख फारम छपाई जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) मा उपलब्ध गराउने निर्णय गरियो।

ख. देवचुली नगरपालिकाले नगरभित्र गुड्ने तिन पाङ्ग्रे अटोहरुको रुट परमिट जारी गर्दै आएकोमा चालु आर्थिक वर्षदेखि यातायात कार्यालय कावासोतिबाट सो कार्य हुदै आएकोले नगरबाट रुट परमिट जारी गर्ने कार्य बन्द गर्ने निर्णय गरियो।

ग. देवचुली नगरपालिका आधारभूत स्वास्थ्य सेवा केन्द्र देवचुली १६ वाह्राकोलमा अ.हे.व पदमा कार्यरत रविन्द्र विश्वकर्मा देवचुली नगरअस्पतालबाट मिति २०८२।११।१० गते HPV खोप लिएर जादै गर्दा वडा नं २ हमाल चोकमा मोटरसाईकल दुर्घटना भई देब्रेहातको कुमको हड्डी फ्याकचर भई मध्यविन्दु प्रादेशिक अस्पतालमा उपचार भएको तथा निजले आफ्नो आर्थिक अवस्था कमोजोर भएकोले उपचार खर्च बापत आर्थिक सहयोगको लागी कार्यालयमा निवेदन दिएकोमा निजको उपचार खर्चको लागी रु ५०,०००। रकम उपलब्ध गराउने निर्णय गरियो।

घ. देवचुली नगरपालिका ११ नं वडा कार्यालयको च.नं १३५१ मिति २०८२।१२।२२ को पत्रअनुसार नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रमको बजेट किताव सि.नं ७०६ अन्तर्गत सूर्य किरण आधारभूत विद्यालय फर्निचर खरिद-वडा नं ११ शिर्षकमा चालु खर्च रु ३,००,०००। रहेको र त्यसको २५ प्रतिशत हुने आउने रकम रु ७५,०००। विद्यालयको पूर्व पट्टीको कम्पाउड वाल निर्माण (पुँजीगत खर्च) लागि र बाँकी रु २,२५,०००। को फर्निचर खरिद गर्ने गरी योजना कार्यान्यवन गर्ने निर्णय गरियो।

ङ. देवचुली नगरपालिका वडा नं १७ मा रहेको पिप्रहरु सामुदायिक होमस्टेको लागी आर्थिक वर्ष २०८२।८३ मा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय बाट होमस्टे पर्यटन प्रवर्द्वनका लागि नवलपुर पिप्रहर सामुदायिक होमस्टे पुर्वधार निर्माण कार्यक्रममा होमस्टे प्रवेशद्वारा पिप्रहर गाँउमानै निर्माण गर्ने गरी स्वीकृत भई आएकोमा उक्त प्रवेश द्वार पूर्व पश्चिम राजमार्ग अन्तर्गत देवचुली नगरपालिका वडा नं १७ फारम चोकमा निर्माण गर्ने गरी स्थान परिवर्तनको लागी पिप्रहर होमस्टे बाट सिफारिस माग भई आएकोले स्थान परिवर्तनको लागी सिफारिस गर्ने निर्णय गरियो।

च. जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) को च.नं २१३७ मिति २०८२।११।१० गतेको पत्रअनुसार देवचुली नगरपालिका वडा नं १३ स्थिति बैलाहा खोलाको पश्चिम पट्टी नवलपुर क्रमसर उद्योग बाट अतिक्रमण भएको करिव ३ कठ्ठा ऐलानी जग्गाको अतिक्रमण अविलम्ब हटाई सो जग्गाको संरक्षण गर्ने निर्णय गरियो।

छ. योजनाहरुको अन्तिम भुक्तानी गर्दा भुक्तानी पूर्व योजनाको सम्बन्धमा कोहि कसैको दावि विरोध भएमा योजना शाखा बाट ३ दिनको दावी विरोध सूचना प्रकाशन गर्ने निर्णय गरियो।

२०८१।१२।२२
आशीष कोइराला
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

२०८२।१२।२२

ज. नगरपालिका बाट संचालन हुने ३ लाख भन्दा माथिका कार्यक्रममा कुनै बाह्य संघ/ संस्था मार्फत कार्यक्रम कार्यान्वयन गर्नु पर्ने अवस्था भएमा खूला सूचना प्रकाशन मार्फत प्रस्ताव आवह्वन गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

झ. जाडो समयमा चिसो र शितलहरबाट सुरक्षित गर्न विपन्न परिवारलाई सामुहिक रुपमा आगो ताप्ने व्यवस्था मिलाउनका लागि देवचुली नगरपालिका वडा नं १७ स्थित ट्रमा सेन्टर निर्माण स्थलमा रहेका रुखका जरा तथा ठुटाहरु नगरपालिकाको मुख्य मुख्य चोक, बोटे,माझी,मुसहर तथा विपन्न बस्तीहरुमा ट्रयाक्टरको प्रयोग गरी ढुवानी भएकोले ढुवानी खर्च बापतको रकम जम्मा रु १९,०००। देवचुली नगरपालिका वडा नं १७ को मिति २०८२।०९।२४ को पत्र बाट लेखि आए बमोजिम विपद् व्यवस्थापन कोष बाट खर्च लेख्ने गरी नेत्र बहादुर महतोलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ.आर्थिक वर्ष २०८१।८२ सम्म नगरपालिकाको विभिन्न मुद्दाहरुमा कानूनी परामर्शदाताको रुपमा काम गर्दै आउनुभएका प्रगति ल फर्मका वरिष्ट अधिबक्ता गणेश सापकोटालाई लिखित जवाफ, पेशी, वहस र फौसला सम्मको कार्य सम्पन्न वापत सम्झौता बमोजिम भुक्तानी हुन बाँकी रकम रु ५ लाख मध्ये बाट रु १ लाख ९० हजार पेश्की कटाई बाँकी रकम रु ३ लाख १० हजार भुक्तानी दिन बाँकी दायित्वबाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ट. निजि जग्गा ब्यबस्थापन सम्बन्धमा वातावरण तथा विपद व्यवस्थापन समितबाट विभिन्न मितिमा भएका तपसिल बमोजिमका जग्गा व्यवस्थापन अनुमति निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स | जग्गाधनी को नाम | वडा नं | कित्ता नं |
|---|---|---|---|
| १ | गीता भुसाल | ७ | प्रगतिनगर ८ /क कित्ता नं १००७ |
| २ | चेजकुमारी गुरुङ्ग | ०८ | देवचुली १/क, कित्ता नं १५०१ |
| ३ | हरि वि.क | १२ | सा प्रगतिनगर ७ /ग, कित्ता नं ४१८ |
| ४ | प्रेमलाल पाण्डे | ११ | सा प्रगतिनगर ५ /क, कित्ता नं ५३३ |
| ५ | चन्द्रमाया वाचे | ८ | सा देवचुली १ /ग, कित्ता नं २४५१ |
| ६ | शान्तिदेवी भुसाल | ७ | सा प्रगतिनगर ८ /क, कित्ता नं १७९ |
| ७ | हेमती कानु | ८ | सा देवचुली १ /क , कित्ता नं ४५५ |
| ८ | विजय नेपाली र विनिता नेपाली | १४ | सा प्रगतिनगर ५ /क , कित्ता नं ११२४ |
| ९ | विन्दु कुमारी कुँवर | ११ | सा प्रगतिनगर ५/क, कित्ता नं २८२,३६४४ |
| १० | गीतादेवी अधिकारी | ७ | सा प्रगतिनगर ८ /क , कित्ता नं १४२४ र १३६९ |
| ११ | होमकान्त पौडेल | ७ | सा प्रगतिनगर ८ /क, कित्ता नं १८०,८२१ |
| १२ | लालबहादुर चितौरे मगर | ६ | सा. देवचुली ५ कि नं ६४७ |
| १३ | तिल बहादुर चितौरे मगर | ६ | सा. देवचुली ५ कि नं ६४३ |
| १४ | नन्दकुमार सारु मगर | ८ | सा. प्रगतिनगर ७ /ख कित्ता नं ९१५ |
| १५ | नवराज पौडेल | ७ | सा. प्रगतिनगर ८ /क कित्ता नं ११५९ |
| १६ | लक्ष्मी माया दमाई | ८ | सा .देवचुली १/क कित्ता नं १३८२ |
| १७ | सुनिता अधिकारी | ८ | सा .प्रगतिनगर ९/क कित्ता नं १३९३ |
| १८ | चिन्ता बहादुर सार्की | १४ | सा .प्रगतिनगर ५/क कित्ता नं ११२१ |
| १९ | कुश्माखर पौडेल | ५ | सा सिसवार ८/ क कित्ता नं ८६० |

२०८२।१२।२२
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २० | रुप बहादुर गरंजा मगर | ५ | सा सिसवार ८/ ख कित्ता नं १०८६ |
| २१ | टिकाराम भुसाल | १२ | सा सिसवार ८/ ख कित्ता नं ६६९ |
| २२ | खुमचन्द्र चापागाई | ८ | सा देवचुली १/क ६३० र ५३९ |
| २३ | राम प्रसाद शर्मा खनाल | ११ | सा .प्रगतिनगर ६/क कित्ता नं २६३७ |
| २४ | धुलुक शर्मा चापागाई | ५ | साविक सिसवार ८ /ख ११७९ |
| २५ | सिता न्यौपाने | ७ | साविक प्रगतिनगर ९/ख कित्ता नं ३६३ |

ठ. देवचुली नगरपालिका वडा नं ७ सितावास अन्तर्गत भरत सुवेदीको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ८ /क कित्ता नं ७३७ ,७४९ ,७४४,७४६,७४१,७३६,७३८,७३९,७४५,७४२र ७४३ को जग्गाबाट ढुंगा माटो तथा मिस्कट दिगो तथा वातावरणमैत्री रुपले उत्खनन् संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले सिफारिस गरेको ९३६३ घ.मी माटो र ९३७.१ घ.मी ढुंगा मध्येबाट हाललाई जग्गा धनी र माग कर्ता (विशाल सप्लायर्स) बिच ५००० घ.मि माटो मात्र व्यवस्थापन गर्ने भनि सम्झौता भएकोले सम्झौता बमोजमि ५००० घ. मि माटो उत्खनन ,संकलन तथा ढुवानीको अनुमति , देवचुली ७ अन्तर्गत रामचन्द्र पराजुलीको नाममा दर्ता कायम रहेको साविक प्रगतिनगर ८/क कित्ता नं १७६९ को जग्गाबाट १५० घ.मी माटो संकलन हुने गरी जग्गा ब्यबस्थापन अनुमति , देवचुली ५ अन्तर्गत रामप्रसाद काफ्ले को नाममा दर्ता कायम रहेको साविक सिसवार ८/क कित्ता नं ८६६ को जग्गाबाट १५० घ.मी ढुंगा संकलन हुने गरी जग्गा व्यवस्थापन अनुमति गण्डकी प्रदेश सरकारको आर्थिक ऐन अनुसार रोयल्टी शुल्क लिई दिने निर्णय गरियो ।

ड. वातावरण तथा विपद व्यवस्थापन समितबाट विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सम्बन्धमा सिफारिस भएका तपसिलका कार्यहरुको विपद् कोषबाट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र'.स | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु | वडा | ब्यबस्थापन हुनुपर्ने रकम (रु ) |
|---|---|---|---|
| १ | देवचुली -०६ अन्तर्गत डेउमाया बरालको हावाहुरीले क्षतिग्रस्त घरको पुनर्निर्माण | ०६ | १,००,०००। |
| २ | देवचुली -१७ अन्तर्गत मन बहादुर विश्वकर्माको हावाहुरीले क्षतिग्रस्त घरको पुनर्निर्माण | १७ | १,००,०००। |
| ३ | चिप्ले कुलो मर्मत संम्भार | ०९ | ५५,०००। |
| ४ | राजु खत्रीको खेतदेखी निर्मला सुवेदीको खेतसम्म पाइपलाइन बिस्तार | | १,००,०००। |

ढ. समृद्व देवचुली; विकासका पाईला शिर्षकमा नगरपालिकाको पूर्वधारको अवस्था, कृषि र उद्यमशिलता, शिक्षा, स्वास्थ्य, पर्यटन लगायत समग्र विकासको सम्बन्धमा भिडियो सामाग्री निर्मणको लागी कूल लागत रु ८० हजार भित्र रहने गरी मध्यविन्दु संचार सेवा प्रा.लि, कावासोती, नवलपरासी(ब.सु.पू) सँग सूचना प्रकाशन तथा छपाई शिर्षक बाट भुक्तानी हुने गरी सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०८१/११/२२
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख